# आम्दा अस्पताल, दमक

## दरभाउ पत्र आवहान सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशितः पूर्व सन्देश दैनिक

(मितिः २०७८/०६/०२, Date: 18th September 2021)

आम्दा नेपाल अन्तरगत सञ्चालित आम्दा अस्पताल, दमकको प्रयोजनका लागि निम्न सरसामान/सेवा खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त इच्छुक आपूर्तिकर्ताहरूवाट यो सूचना (सूचना नं **001/AMDA/AH/2078_079**) मा प्रकाशित विवरण तथा निम्न शर्तहरूको अधिनमा रही सलग्न ढाँचामा दरभाउ प्रस्ताव आवहान गरिएको छ ।

**शर्तहरूः**

१. ईच्छुक आपुर्तिकर्ताहरूले यसै सूचनाको साथमा रहेको दरभाउपत्र आम्दा नेपालको वेभसाइट http://ebidding.amda.org.np मार्फत Vender Log in गरी दरभाउ पेश गर्न सक्नुहुनेछ ।

२. वोलपत्र/दरभाउपत्रको साथमा आम्दा अस्पतालको नाममा Group A: Medicine र Group B: Medical Items को प्रत्येक फाराम खरिद गर्न रू. ५,०००/- (अक्षरेपी रू पाच हजार मात्र) र Printing and Stationary Items को रू. १०००/- (अक्षरेपी रू. एक हजार मात्र) सिद्दार्थ वैक, शाखा कार्यलय, दमकमा रहेको वैंक खाता नं ००७००२२७६२० मा जम्मा गरेको वैक भौचरको छाँयाकपी लक इनमा अनिवार्य रूपमा सलग्न भएको हुनुपर्नेछ ।

३. दरभाउ पत्र/प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५औ दिन भित्र अर्थात मिति १६ असोज २०७८ (Date 2nd October 2021) गते दिउसो ५ वजे भित्र पेश गरि सक्नुपर्नेछ । Log on गर्दा कुनै कठिनाई भएमा कार्यालय समय भित्र (कार्यालय खुलेको दिन) विहान १० वजे देखि ४ वजे भित्रमा) सम्पर्क राख्न सक्नुहुनेछ ।

४. आपुर्तिकर्ताले पेश गरेको दरभाउ प्रस्ताव, दरभाउ पेश गर्ने अन्तिम मितिवाट कम्तिमा एक महिना सम्मका लागि मान्य हुनुपर्नेछ ।

५. आपुर्तिकर्ताले दरभाउ प्रस्ताव गर्दा नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने भ्याट वाहेकको मुद्रामा भर्नुपर्नेछ । भ्याट नलाग्ने कुनै सरसामानमा भ्याट जोडिन पुगेको भए उक्त त्रुटि सुधारिनेछ । नेपाल सरकारलाई तिर्न वुझाउनु पर्ने भ्याट वाहेक सवै प्रकारका करहरू र स्थानिय स्तरमा तिर्नुपर्ने अन्य सवै प्रकारका कर तथा शुल्कहरू दररेटमा समावेश भएको मानिनेछ । आवश्यक परेमा आम्दा अस्पतालले दरभाउपत्र/वोलपत्रदाताले पेश गरेको सामानहरूको गुणस्तर र नमूना परिक्षण गर्न सक्नेछ ।

६. आपुर्तिकर्ताले विद्दुतिय माध्ययवाट दरभाउपत्र पेश गरेको हुनुपर्नेछ ।

THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA FOUNDED 1984 BETTER QUALITY OF LIFE FOR A BETTER FUTURE AMDA-Hospital Damak, Jhapa

७. आपुर्तिकर्ताले अद्दावधिक गरिएको कम्पनि/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यावसाय सञ्चालन गर्न छुट्टै स्वीकृति लिनुपर्नेमा स्वीकृति/नविकरण खुलेको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्र र कर दर्ता प्रमाणपत्रको प्रतिलिपि सूचिदर्तामा सलग्न भएको हुनुपर्नेछ ।

८. आपुर्तिकर्ताले अस्पताल उपकरणको हकमा आवश्यकता अनुसार ISO/CE/IEC/US-FDA, औषधीको हकमा WHO-GMP प्रमाणपत्र र अन्य सामाग्रीहरूको हकमा उत्पादक कम्पनिको आधिकारिक विक्रेताको प्रमाणपत्रको प्रतिलिपि वा दरभाउ पेश गर्न दिएको स्वीकृतिपत्र प्रस्तावको साथमा सलग्न राख्न सक्नेछन् ।

९. वोलपत्र/दरभाउपत्रहरू मिति २०७८/०६/१७ गते दिउसो २ वजे वोलपत्र/दरभाउपत्र दाताहरू वा निजको प्रतिनिधिहरू समेतको रोहवरमा आम्दा अस्पतालले दमकमा खोलिन खोलिने छ। उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन सोही स्थान मितिमा खोलिनेछ । वोलपत्र/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र/दरभाउपत्र खोल्न वाधा पुग्नेछैन ।

१०. रित पुर्वक प्राप्त नभएको दरभाउ प्रस्ताव स्वतः रद्द हुनेछ ।

११. आपुर्तिकर्ताले पेश गरेको दरभाउ प्रस्तावमा उल्लेखित सम्पुर्ण काम/सरसामान/सेवा मध्ये आशिक वा पुर्ण प्रस्ताव मात्र समेत छनौट गर्न सक्नेछ ।

१२. छनौट भएको आपुर्तिकर्ताले आम्दा अस्पतालको कार्यालयले जारी गरेको खरिद आदेश वा कार्यदिश बमोजिम तोकिएको स्थानमा तोकिए बमोजिमका सम्पुर्ण सर सामान/सेवा तोकिएको समयभित्र पुर्ण रूपमा वुझाउनु पर्नेछ ।

१३. आम्दा अस्पतालको कार्यालयले जारी गरेको खरिद आदेशमा तोकिएको मिति भित्र आपुर्ति कर्ताले सम्पुर्ण सरसामान/सेवा आपुर्ति/उपलब्ध गर्नु/गराउनु पर्नेछ ।

१४. आयु तोकिएको वस्तु/सेवा वा सरसामानको हकमा सो वस्तु, सेवा वा सरसामानहरू वुझाउदा वा प्रयोग गर्दाको दिनमा सोको जम्मा आयु अवधि कम्तिमा ८० प्रतिशत वाकी रहेको हुनुपर्नेछ ।

१५. आपुर्तिकर्ताले आपुर्ति गर्ने उपकरण, वस्तु, सेवा वा सरसामानहरू उत्पादकले प्याकिङ गरि वजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त वा मर्मत संभार गरिएको सरसामान आपुर्ति तथा प्रयोग स्वीकार गरिनेछैन । आम्दा अस्पतालको कार्यालयले हस्तान्तरण लिनु अगावै कुनै प्रकारको क्षति हुन पुगेमा सो क्षतिको जिम्मेवारी छनौट भएको आपुर्तिकर्ताले लिनुपर्नेछ ।

१६. नेपाली मुद्रामा क्रसचेक मार्फत भुक्तानि गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१७. वोलपत्रको साथमा आफुले कवोल गरेको कुल अनुमानित रकमको २.५ प्रतिशतले हुन आउने वरावरको रकम कम्तिमा तीन महिनाको लागि मान्य हुनेगरि आम्दा अस्पतालको नाममा जारी भएको विडवण्ड/वैक भौचर सलग्न हुनुपर्नेछ । तोकिए बमोजिमको विडवण्ड समावेश नगरि वोलपत्र/दरभाउपत्र पेश गरेमा सम्वन्धित फर्म/कम्पनिलाई कालो सूचिमा राख्न सकिनेछ । छनौट भएको वोलपत्र/दरभाउपत्र दाताले सूचना जारी

THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA • FOUNDED 1984 • BETTER QUALITY OF LIFE FOR A BETTER FUTURE
AMDA-Hospital
Damak, Jhapa

भएको ७ दिन भित्र स्वीकृत रकम (भ्याट समेतको) जम्मा ५ प्रतिशतका दरले हुन आउने रकम वरावरको कम्तिमा १ वर्ष अवधि सम्म मान्य हुने गरि आम्दा अस्पतालको नाममा जारी भएको परफरमेन्स वण्ड (वैक ग्यारेन्टी) सहित आम्दा अस्पताल संग सम्झैता गरि सक्नुपर्नेछ । अन्यथा विड वण्ड जफत हुनेछ । वोलपत्र/दरभाउपत्रहरूको आन्तरिक मुल्याकनको आधारमा आम्दा अस्पतालले थप २० प्रतिशत सम्म परफरमेन्स वण्ड (वैक ग्यारेन्टी) माग गर्न सक्नेछ ।

१८. दरभाउ प्रस्ताव फारम तथा शर्तनामाहरू संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै सूचना प्रकाशन गरि आम्दा अस्पतालले संशोधन गर्न सक्नेछ ।

१९. आम्दा अस्पताल र वोलपत्र/दरभाउपत्र दाता विच सम्झौता सम्पन्न भई आम्दा अस्पताल, दमकले खरिद आदेश जारि गरेको मितिले ४५ दिन भित्र सामाग्रीहरू उपलव्ध गरि सक्नुपर्नेछ । वोलपत्र/दरभाउपत्रदातालाई आम्दा अस्पतालले सामाग्री उपलव्ध गराउन पेश्की रकम उपलव्ध गराउन सकिनेछैन । छनौट भएको वोलपत्र/दरभाउपत्र दाताले आम्दा अस्पतालसंग गरेको सम्झौताको शर्तहरू पालन गर्न असमर्थ भएमा अस्पतालले परफरमेन्स वण्ड जफत गर्नेछ ।

२०. आपुर्तिकर्ताले सम्झौता वदर गर्न चाहेमा कम्तिमा एक महिना अगावै लिखित सूचना दिनुपर्नेछ । सम्झौता वदर हुने अवस्थामा आम्दा अस्पतालले परफरमेन्स वण्ड जफत गर्नेछ । सम्झौता वदरको प्रस्ताव स्वीकार गर्ने वा नगर्ने अधिकार आम्दा अस्पतालमा सुरक्षित रहनेछ ।

२१. यो वोलपत्र/दरभाउपत्र फारम भर्दा सामाग्री आपुर्ति गर्नुपर्ने अवस्थामा आम्दा नेपालको सम्पुर्ण नियमावलीहरू मानी वुझि सहमती गरि सहिछाप गर्दछु/गर्दछौ।

वोलपत्र/दरभाउपत्र संम्वन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

सम्पर्क राख्ने ठेगानाः

आम्दा अस्पताल
दमक २, झापा
सम्पर्कः ०२३५८०१८६, ०२३५८००४६, ०२३५८१२६६
इमेलः ah.damak@amda.org.np